# काठमाडौँ उपत्यकाको एक महत्त्वपूर्ण पौभा : मजुवज्र र वज्रधातेश्वरी

लोक चित्रकार

नेपाली मौलिक कलाका प्रमुख विधाका रूपमा रहेको पौभा कलाका बारेमा अचेल केही मात्रामा भए पनि चर्चा परिचर्चा हुन थालेको पाइन्छ। पौभाबारे रुचि राख्ने स्वदेशी एवम् विदेशी जिज्ञासुहरूको सङ्ख्या पनि बढ्दै गइरहेको छ। यसलाई सुखद नै मान्न सकिन्छ। परन्तु पौभा र यसका कलाकारका बारेमा कुरा गर्दा विषयबारे पर्याप्त अध्ययन सामग्री, प्रमाणहरू आदि भएनन् भने ती चर्चा र त्यस विषयका उपादेयता दीर्घकालसम्म रहँदैन। सही विश्लेषणका लागि पनि सत्य र तथ्यपरक अध्ययन सामग्रीहरूको आवश्यकता पर्छ। प्रायः कला लेखकहरूले पौभाबारे अध्ययन अनुसन्धान गर्नका लागि पर्याप्त सामग्री उपलब्ध नभएको भन्ने गुनासो गरेका पनि सुनिन्छ।

पौभाका बारेमा कुरा गर्दा अध्यात्मिक दस्तावेज, ऐतिहासिक प्रमाण, पुरातात्त्विक अनुसन्धान, विषयगत तथ्यहरू, प्राविधिक सामग्री र तत्सम्बन्धी जानकारी; अभिव्यक्तिको क्षेत्र, सिमा र स्वतन्त्रता; शिल्प दक्षता; बौद्ध दर्शन आदिबारे थोरबहुत जानकारी राख्नुपर्ने हुन्छ। विडम्बना नै मान्नपर्छ, नेपाली मौलिक कलाका बारेमा जानकारी वा ज्ञान हासिल गर्नका लागि विदेशी लेखकहरूद्वारा लिखित सामग्रीहरू वा विदेशी प्रकाशनहरूको सहयोग लिनुपर्ने अवस्था विद्यमान छ।

पौभाका प्रकरणमा सर्वाधिक प्राचीन पौभा कुन होला, कहिले सुरु भयो होला, कसले सुरु गरेका थिए होला, कसरी अगाडि बढ्यो होला आदि प्रश्नहरू अद्यावधि अनुत्तरित नै छन्। सजिलै र शीघ्र यसको उत्तर पाउने अपेक्षा गर्न सकिने अवस्था पनि छैन। तथापि जे जति जानकारी उपलब्ध छन्, त्यसबारे कमसेकम थाहा पाउन पाए पनि हुन्थ्यो। यदाकदा विदेशी विद्वान्हरूले लेखेका पुस्तक वा विदेशमा हुने प्रदर्शनीहरूको क्याटलगमा प्रकाशित भएपश्चात् हाम्रो नेपाली पौभा कला फलाना म्युजियममा रहेछ, फलानाको व्यक्तिगत सङ्ग्रहमा रहेछ, उक्त चित्रको संरचना यस्तो रहेको भन्ने न्यूनतम जानकारीसम्म पाइन्छ। यसै प्रसङ्गमा यहाँ कुनै बेला विदेशी प्रकाशनबाट प्रकाशित, विदेशी कलाविद्द्वारा लिखित र विदेशी सङ्ग्रहकर्तासँग रहेको एउटा महत्त्वपूर्ण पौभाका बारेमा सङ्क्षेपमा चर्चा गर्ने जमर्को गरिएको छ। पौभामा चित्रित केन्द्रीय विषय वस्तुका आधारमा पौभाको शीर्षक 'मञ्जुवज्र र वज्रधातेश्वरी' रहेको छ।

यस पौभाको केन्द्रमा मञ्जुवज्र र उनकी प्रज्ञा वज्रधात्वेश्वरी रहेका छन्। मध्यकालीन नेपाली पौभा शैलीमा प्रायः तिन खण्डहरू रहेका हुन्छन्। सबैभन्दा शीर्ष खण्डमा गुरु, बुद्धहरू आदिका चित्रहरू हुन्छन् भने सबैभन्दा मुनिको खण्डमा जजमानको परिवार, पूजा वा नृत्य गर्दै गरेका दृश्य आदि प्रस्तुत गरिएको देखिन्छ। चित्रको केन्द्रीय भाग सबैभन्दा ठुलो हुन्छ र मुख्य विषय वस्तु पनि ठुलै आकारमा चित्रण गरिएको हुन्छ। यस पौभामा पनि सोही नियमलाई अनुसरण गरिएको पाइन्छ।



**मनवज्र र वज्रधातेश्वरी।** करिब इ. सं. १४०९। ७६ x ६२ से. मि.। मिसा ई. जुकरको सङ्ग्रह, लन्डन।

यसको आकार ७६ X ६२ सेमि रहेको छ र चित्रका कलाकारको नाउँ र जजमानको नाम पनि उल्लिखित छन्। इस्वी संवत् १४०९ (नेपाल संवत् ५२९) मा रचयित यस पौभालाई कलाकार को नाम उल्लेख गरिएको हालसम्म प्राप्य सर्वाधिक पुरानो पौभा मान्नुपर्ने हुन्छ। केही दशक अगाडिसम्म कलाकारको नाम उल्लेख भएको पौभाका रूपमा 'विष्णु मण्डल'लाई मानिएकोमा अहिले आएर केही वर्षले भए पनि यो पौभा पुरानो देखिएको छ।

पौभाको केन्द्रमा छ ओटा भुजा सहितका रक्त वर्णका मञ्जुवज्र रहेका छन्। सामान्यतया मञ्जुवज्रलाई पहेँलो रङमा चित्रण गरिन्छ तर यसमा रातो रङको प्रधान्य रहेको छ। यो चित्र रचना कुनै विशेष पूजा वा उत्सवको प्रयोजनका लागि चित्रण गरिएको थियो भन्ने अनुमान गर्न सकिन्छ। मञ्जुवज्र त्रिभङ्ग र वज्रासनमा विराजमान छन्। उनका तिन ओटा मुहारमध्ये दायाँ निलवर्ण र बायाँ स्वेत वर्णको अनुहार रहेको छ। छ ओटा हातमध्ये प्रमुख दुई हातले वरदमुद्रा (दायाँ) र बायाँ हात छातीमा राखी पुस्तक समाएको छ। सबभन्दा माथिको दुई हातमध्ये दायाँ हातले चन्द्रहास खड्ग र बायाँ हातले नीलोत्पल समाएको छ। दुई हातले सरधनु अर्थात् वाण र धनुष समाएको छ।

मञ्जुवज्रकी प्रज्ञा वज्रधातेश्वरीलाई श्वेत वर्णमा देखाइएको छ। उनी ललितासनमा बसेकी छिन्। अभय वरसहित दुवै हातमा निलोत्पल समाएकी छिन्। यसको रचना शैलीलाई मध्यकालीन नेवार परम्परागत शिल्प विधाको उच्चतम शैली मान्नुपर्छ। तोरणमा मकर जोडी (हिटीमंग) का बुट्टेदार पुच्छरमा नागको पुच्छर अङ्कन गरिएको छ। केन्द्रमा रहेको गरुडको खुट्टाले एक जोडी नाग र नागकन्यालाई बन्धनमा पारेको भान हुन्छ। तोरणलाई पूर्णकलश सहितको खम्बाले थामेको छ। वज्रधात्वेश्वरी र मञ्जुवज्र कमल फुलको कलात्मक सिंहासनको आसनमाथि विराजमान छन्। सिंहासनमा सिंहको अतिरिक्त एक जोडी हात्ती पनि चित्रण गरिएको छ।

यसै खण्डको सबभन्दा शीर्ष भागमा दायाँ बायाँ एक एक जना धर्मपाल देवताहरू अग्निको पृष्ठभूमिसहित रहेका छन्। बायाँ कुनामा रहेका चन्द्रमहारोषणलाई भीषण डरलाग्दो प्रतीकका रूपमा प्रस्तुत गरिएको छ। यिनी अचल वा सङ्कटाका नाउँबाट पनि पुजिन्छ। चन्द्रमहारोषणको बायाँ खुट्टाको घुँडाले मारलाई दमन गरेको छ। दायाँ हातमा चन्द्रहास खड्ग र बायाँ हातले डोरी समाएको छ। दायाँ कुनामा महाकालको आकृति उभिएको छ। उनको दायाँ हातले कर्तिक (कर्‍रौंती) र कपाल पात्र समाएको छ। निलो पृष्ठ भूमिमा घाँय बुट्टा भरिएको छ र पुष्प वृष्टि भइरहेको प्रतीत हुन्छ। सबैभन्दा तल्लो खण्डमा जजमानका परिवार, पुजारी र नृत्य मण्डली देखिन्छन्। सप्तरत्नलाई चक्रवर्तीनका रूपमा प्रस्तुत गरिएको छ। यीमध्ये हात्ती र घोडा मात्रै स्पष्ट देख्न सकिन्छ।

नेवार पौभा चित्रको विशेषता मानिने रङका न्यून प्रकारहरू, अति सुस्पष्ट र लयपूर्ण रेखा, न्यून छायाको प्रयोग, बुट्टाको बाहुल्य, अग्नि ज्वाला, कमलको फुल जस्ता प्राकृतिक विषयलाई महत्त्व आदि यस पौभामा दृश्यमान हुन्छन्। मञ्जुवज्र र वज्रधात्वेश्वरीले धारण गरेका आभरणहरूमा अति सूक्ष्म काम गरिएको देखिन्छ।

नेपाल संवत् ५२९ (इ. सं. १४०९), साउन महिना, कृष्ण पक्ष, त्रयोदशी, प्रकाश्य नक्षत्र वरियश योगमा सिर्जित यो पौभा केशराजा चित्रकारले रचना गरेका हुन्। आचार्य कुलभद्र

पूजारी हुन् भने हर्षराम चित्रकार यस पौभा र धार्मिक अनुष्ठानका जजमान हुन् ।

सिद्ध्ध मञ्जुश्री र केशनी तारा भनेर अभिलेखमा उल्लेख भएता पनि मञ्जुवज्र र वज्रधात्वेश्वरी भनी नामकरण गर्नुमा आपसमा मेल खाँदैन । अतः प्राचीन नेवार भाषाका ज्ञाता वा विशेषज्ञले यसमा अङ्कित अभिलेख पूर्ण पाठ गर्नुपर्ने देखिन्छ । रातो, सेतो, कालो र निलो मुख्य रङको प्रधान्य रहेको यस पौभामा रातोका लागि हिंगुल, पहेँलोका लागि हरिताल, निलोका लागि नीर, कालोका लागि ध्वाँसो र सेतोका लागि चूनको प्रयोग भएको देखिन्छ । गाढा र फिका हरियो नीर र पहेँलोको मिश्रण हो भने गुलाफी सेतो र रातोको मिश्रण हो । चित्रमा प्रयुक्त रातो, पहेँलो र सेतो खनिज रङ हुन् भने नीर र कालो वनस्पतिजन्य रङ हुन् । यस चित्र रचनामा सुनको प्रयोग भएको देखिँदैन ।

पौभा कलाका बारेमा खोजी गर्न केही कठिन होला, किन्तु असम्भव भने छैन । जे जति भेट्टाइन्छन्, ती सबै विस्तारै अध्ययन गर्दै जानुपर्ने हुन्छ । यसै मञ्जुवज्रको पौभामा उल्लिखित कलाकार केशराजाका बारेमा पूर्ण रूपमा जानकारी उपलब्ध नभएता पनि उनलाई मध्यकालीन पौभा शैलीका प्रतिनिधि कलाकारका रूपमा चिन्न सकिन्छ । चामल दान गरिरहेका हर्षराम चित्रकारले सम्भवतः पञ्चदानको अनुष्ठान गर्दा यो पौभा लेख्न लगाएका थिए । ऐच्छिक पञ्चदान गर्दा पौभा लेखाएर ऐतिहासिक अभिलेख राख्ने चलन छ । आचार्य कुलभद्र सम्भवतः वज्राचार्य हुनुपर्छ । यस चित्रमा अङ्कित जजमानका परिवारजका चित्रका माध्यमद्वारा तत्कालीन सामाजिक परिवेशबारे पनि केही झलक पाउन सकिन्छ ।

पन्ध्रौँ शताब्दीमा नेपाली चित्रकला कति उत्कर्षमा पुगेको थियो भन्ने बुझ्नका लागि यो मञ्जुवज्रको पौभाले हामीलाई सघाएको छ ।

Work cited:
Kreijger, Hugo E. ***Kathmandu Valley Painting.*** Serindia Publications, 1999.



*लोक चित्रकार*

*लोक चित्रकार समकालीन पौभा चित्रकलाका क्षेत्रमा सिद्धहस्त र अन्तर्राष्ट्रिय ख्यातिप्राप्त सर्जकका रूपमा सुपरिचित छन् । जापान, फिनल्यान्ड, संयुक्त राज्य अमेरिकाका विभिन्न शिक्षण संस्थाहरूमा अतिथि प्राध्यापक रहेका चित्रकार काठमाडौँ विश्वविद्यालसँग आबद्ध छन् ।*

*स्वदेश तथा विदेशका विभिन्न कला सङ्ग्रहालय र व्यक्तिगत सङ्ग्रहमा उनका चित्र रचनाहरू रहेका चित्रकारले हालसालै काठमाडौँमा आयोजित अन्तर्राष्ट्रिय कला महोत्सवमा बृहत् आकारमा चित्र रचना गरेका छन् । राष्ट्रिय प्रतिभा पुरस्कार (सन् २०१३) र पाटन म्युजियम पुरस्कार (सन् २०१२) जस्ता प्रतिष्ठित पुरस्कारबाट सम्मानित भइसकेका चित्रकार परम्परागत पौभा कलाको उत्थानका लागि स्थानीय एवम् अन्तर्राष्ट्रिय स्तरमा निकै सक्रिय रहिआएका छन् ।*